# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड३४) काठमाडौं, मंसीर १८ गते २०४१ साल (संख्या३३

श्री ५ को सरकार

### सञ्चार मन्त्रालयको

### सूचना

श्री ५ को सरकारको मिति २०४१।७।२ को निर्णयानुसार काठमाडौं बलम्बु-स्थित सगरमाथा भू-उपग्रह केन्द्र अर्थ स्टेशन क्षेत्रलाई सुरक्षित क्षेत्र घोषित गरी उक्त क्षेत्रमा निम्नबमोजिम कार्यहरू गर्न निषेध गरिएकोले यो सूचना प्रकाशित गरिएको छ ।

१. अर्थ स्टेशनको एक किलोमिटरसम्मको परिधिभित्र धुवाँ धेरै निस्कने चिम्नी, इँटा भट्टा र धेरै धुवाँ फ्याँक्ने चिम्नी र कलकारखाना स्थापना गर्न निषेध गराउने ।

२. धेरै धूलो फ्याँक्ने, रोडा क्रसिङ प्लान्ट, चून ढुङ्गा उद्योग, ढुङ्गा उद्योग र सिमेन्ट फ्याक्ट्री राख्न निषेध गर्ने । साथै उक्त क्षेत्र वरिपरि निजी घरहरू निर्माण गर्नसमेत दुरुत्साहित गर्ने ।

३. केमिकल रैजिड्यूहरू धेरै फ्याँक्ने उद्योगहरू स्थापना गर्न निषेध गर्ने ।

४. सर्वेक्षणको सिलसिलामा गरिने भूमिगत विस्फोटन (अण्डरग्राउण्ड ब्लाष्टिङ) अर्थ स्टेशन क्षेत्रको एक किलोमिटर परिधिभित्र पर्ने निषेध गर्ने र गर्न पर्ने आवश्यक पर्न आएमा त्यसबाट हुने असर सम्बन्धमा छानबीन गरेर मात्र गर्ने गराउने ।

५. नयाँ सडक आदि बनाउने सिलसिलामा गरिने विस्फोटन (ब्लाष्टिङ) को सम्बन्धमा पनि माथि उल्लिखित दफा ४ अनुसार निषेध गर्ने । सर्वेक्षणको लागि विस्फोटन गर्न पर्ने आवश्यक हुन आएमा त्यसबाट पर्ने असरको छानबीन गरेर मात्र अग्रिम कारवाई गर्ने गराउने ।

आज्ञाले,

जीवनलाल सत्याल

श्री ५ को सरकारको का. मु. सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

६०८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।